# मालिका राजपत्र

मालिका गाउँपालिकाद्वारा प्रकाशित

खण्डः३ वर्षः १ संख्याः २ मितिः२०८१।०१।२७

भाग -२

## मालिका गाउँपालिका

# गाउँ शिक्षा समिति गठन सम्बन्धी कार्यविधि, २०८०

प्रमाणिकरण मितिः २०८१।०१।२७

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१।०२।०१

मालिका गाउँपालिका

म्याग्दी जिल्ला

गण्डकी प्रदेश, नेपाल

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

## गाउँ शिक्षा समिति गठन सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः-

प्रस्तावनाः

गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा आएका विद्यालयहरुको व्यवस्थापन, रेखदेख र समन्वय गरी विद्यालय शिक्षालाई गुणस्तरीय, प्रभावकारी र उपलब्धिमूलक बनाउनको लागि गाउँ शिक्षा समितिको गठन र परिचालन गर्न वाञ्छनीय भएकाले मालिका गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "गाउँ शिक्षा समिति गठन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मालिका गाउँपालिका भर लागू हुनेछ ।

(३) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेपश्चात लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मालिका गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले मालिका गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मालिका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(छ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले गाउँपालिका भित्रका विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

३. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि समेत देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँ कार्यपालिकाको महिला सदस्य - सदस्य

(ङ) सामुदायिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट अध्यक्षले तोकको एकजना - सदस्य

गाउँपालिका
कार्यपालिकाको कार्यालय
स्था: २०७३

(च) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना सदस्य - सदस्य

(छ) गाउँपालिकाभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरुको प्रधानाध्यापकमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरको दुईजना सदस्य - सदस्य

(ज) गाउँपालिकाभित्रका शिक्षकहरुको पेसागत विकासका लागि गठित शिक्षक महासंघको अध्यक्ष - सदस्य

(झ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) अनुसार मानोनित सदस्यले पदीय जिम्मेवारी, दायित्व र आचरण पूरा नगरेमा मानेनित गर्ने पदाधिकारी वा समितिले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन अघि मनासीब माफिकको स्पष्टीकरणको मौकावाट वञ्चित गरिने छैन ।

४. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ : (१) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(द) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने,

(ध) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

(भ) शिक्षक तालिम आयोजना गरी नवप्रवेशी शिक्षकहरुलाई तालिम दिने ।

(म) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(य) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(र) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।

(व) विद्यालयहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने र गाउँ कार्यपालिकाले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

५. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः (१) गाउँ शिक्षा समितिले वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सक्ने छ :

| | | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | अध्यक्ष |
| (ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना | सदस्य |
| (ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना | सदस्य |
| (घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको दुई जना | सदस्य |
| (ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना | सदस्य |
| (च) सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवयश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक बिच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।

(ज) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।

खेम प्रसाद गर्बुजा
अध्यक्ष

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैँले निर्धारण गर्नेछ ।

(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमती प्रदान गर्ने ।

(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

६. मनोनित सदस्यको पदावधि : दफा ४ र ५ बमोजिम गठित मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निज पुनः मनोनित हुन सक्नेछन् ।

७. सचिवालय : गाउँ शिक्षा समितिको सचिवालय शिक्षा शाखामा हुनेछ र शिक्षा अधिकृतले सचिवालयको काम गर्नुपर्नेछ ।

८. बैठक सम्बन्धी कार्यविधि : (१) गाउँ शिक्षा समितिको बैठक सामान्यतया तिन महिनाको एक पटक बस्ने छ । आवश्यकता र औचित्यका आधारमा सो भन्दा बैठक बस्नका लागि बाधा पर्ने छैन ।

(२) गाउँ शिक्षा समितिको बैठक अध्यक्षको निर्देशनमा शिक्षा अधिकृतले बोलाउन सक्नेछ ।

(३) उपदफा २ मा जेसुकै लेखिए पनि गाउँ शिक्षा समितिका एक तिहाइ सदस्यले बैठक बस्नका लागि लिखित अनुरोध गरेमा पन्ध्र दिनभित्र सदस्य सचिवले गाउँ शिक्षा समितिको बैठक आह्वान गर्न सक्नेछ ।

(४) गाउँ शिक्षा समितिको बैठकमा गाउँपालिकाभित्र क्षेत्रका प्रधानाध्यापक, शिक्षक, स्थानीय बुद्धिजीवी तथा विज्ञसहित बढीमा तिनजना प्रतिनिधिलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिने छ ।

(५) समितिको बैंठक संचालन प्रकृया, बैंठक भत्ता तथा सेवा सुविधा सम्बन्धी व्यवस्था आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

(६) गाउँ शिक्षा समितिको बैठकमा छलफल हुने विषयहरु कम्तीमा ३ दिन अगावै सदस्य सचिवले गाउँ शिक्षा समितिका सदस्यहरुलाई जानकारी गराउनुपर्दछ ।

(७) गाउँ शिक्षा समितिका तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा गाउँ शिक्षा समितिको बैठकमा लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(८) गाउँ शिक्षा समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सामाजिक विकास समितिको संयोजक वा बैठकमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(९) गाउँ शिक्षा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

९. बाधा अडकाउ फुकाउने अधिकार : यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यही कार्यविधिमा परे सरह मानिनेछ ।

१०. लागू हुने र बचाउ (१) यो कार्यविधिमा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिनाहा गरेको कसूरमा प्रचलित भ्रष्टाचार निवारण सम्बन्धी ऐन अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यसअघि शिक्षा, युवा तथा खेलकुद शाखाबाट भएका कामकारबाहीहरु यही कार्यविधि बमोजिम गठित गाउँ शिक्षा समितिले गरे सरह हुनेछ ।